


अंक ५ | वर्ष १ | चैत ३० गते आइतबार | साप्ताहिक समाचारपत्रिका

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौँबाट चिकित्सा सेवा महाशाखाका निर्देशक डा तारानाथ पोख्रेल को नेतृत्वमा आउनुभएका वरिष्ठ जनस्वास्थ्य प्रशासक मदनकुमार श्रेष्ठ र जनस्वास्थ्य अधिकृत सुदिप आलेमगर सहितको टोलीले गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यू , सामाजिक विकास मन्त्री ज्यू , स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू र अन्य पदाधिकारीहरु, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, लगायत अन्य सरोकारवालासंग भेट गरि आफ्नो जिम्मेवारी तथा कार्ययोजनाबारे जानकारी गराउनुभयो ।



सो क्रममा उहाँहरुले पोखरास्थित पश्चिमान्चल क्षेत्रीय अस्पताल सहित विभिन्न अस्पतालहरुको अनुगमन तथा निरीक्षण गरि अस्पतालमा उपलब्ध जनशक्ति, सेवा/सुविधा, स्रोत साधन आदिको नक्सांकन गर्नुभयो, साथै प्रदेशका अन्य जिल्लामा अवस्थित अस्पतालहरुमा पनि सोहि कार्यका लागि स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र मार्फत पत्राचार गरियो ।

जिल्ला प्रशासन कार्यालय कास्कीमा कोभिड-१९ सम्बन्धि तथ्यांक रेकर्डिङ/रिपोर्टिंग सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जिल्ला प्रशासन कार्यालय कास्की लगायतका प्रतिनिधिहरु र सफ्टवेयर निर्माणकर्ता सम्मिलित संयुक्त बैठक सम्पन्न भयो । बैठकमा रिपोर्टिंग फर्म र टेम्प्लेट सम्बन्धि एकरुपता, अनलाइन रिपोर्टिंगको व्यवस्था, लगायतका विषयमा छलफल भयो । उक्त बैठकले स्थानीय तहदेखि जिल्लासम्म र जिल्लादेखि प्रदेशमा आउने गरि कोभिड - १९ सम्बन्धि अनलाइन रिपोर्टिंग प्रणाली विकास गर्ने र यसको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सहजीकरण गर्ने निर्णय भयो । यसका साथै गण्डकी प्रदेशमा कोभिड - १९ सम्बन्धि सम्पूर्ण सूचना तथा जानकारी प्रदान गर्न मोबाइल एप्स निर्माण गर्ने र २०७७ बैशाख १ गते त्यसको शुभारम्भ गर्ने निर्णय समेत उक्त बैठकले गरेको छ ।

कोरोना सम्बन्धि कुनै पनि जानकारी लिन वा दिन परेमा, स्वास्थ्य सामग्रीहरुको कालो बजारी गरेको पाइएमा, कोरोना सम्बन्धि कुनै गलत प्रचार प्रसार वा जनतालाई भ्रमित पार्ने खालको गतिविधि भएको पाइएमा ०६१-५२४०७४ (विहान ८ देखि सांझ ५ बजे सम्म) मा फोन गर्न सक्नुहुनेछ । कोरोना भाइरस (कोभिड- १९) रोगसंग मिल्दोजुल्दो लक्षण आफु वा अरु कसैलाई देखा परेमा वा कुनै जिज्ञासा भएमा गण्डकी प्रदेश भित्रबाट फोन गर्दा पैसा नलाग्ने **फोन न. १०९२ मा फोन गरि "हेल्लो डाक्टर"** सेवा मार्फत चिकित्सकीय परामर्श तथा अन्य स्वास्थ्य सेवा प्राप्त गर्नुहोस ।




कोभिड-१९ सम्बन्धि जिल्ला कमाण्ड पोस्टले पोखरास्थित विभिन्न ६ वटा अस्पतालको अनुगमन गरेको छ। अस्पतालमा संचालित फिभर क्लिनिक, कोभिड-१९ शंकास्पद विरामीको चेकजाँच, एम्बुलेन्सको सेवाप्रवाह र नियमित सेवाको बारेमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, स्वास्थ्य कार्यालय प्रमुख लगायतको टोलीले अनुगमन गरेको हो।

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि चैत्र ३० गतेसम्मको विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी | RDT किटबाट गरिएको परिक्षण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 95 | 85 | 0 | 10 | 19 |
| स्यांग्जा | 34 | 1338 | 0 | 596 | - | 46191 | 4 | - | 581 | 101 | 100 | 0 | 1 | 209 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 8 | 3 | 0 | 5 | 33 |
| लमजुङ | 68 | 949 | 0 | 24 | 4 | 226 | 5 | - | 188 | 40 | 30 | 0 | 10 | 66 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 3 | 3 | 0 | 0 | 20 |
| पर्वत | 11 | 375 | 7 | 185 | - | 326 | 20 | 0 | 316 | 66 | 46 | 0 | 20 | 239 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 10 | 4 | 0 | 6 | 52 |
| बाग्लुङ्ग | 37 | 219 | 26 | 990 | - | 13034 | 9 | 2 | 836 | 39 | 35 | 2 | 2 | 675 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 2 | 560 | - | - | - | - | 62 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 3 | 3 | 0 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 7 | 2 | 4 | - | 10 | - | 25 | - | - | - | - | 7 |
| **जम्मा** | 295 | 4921 | 138 | 2777 | 89 | 60582 | 265 | 4 | 4543 | 365 | 309 | 2 | 54 | 1382 |

**विभिन्न जिल्लामा RDT किट बाट गरिएको सम्पूर्ण परिक्षण परिणाम नेगेटिभ रहेको छ।**

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**

**लक डाउनको बेला घरमै बस्नुहोस । अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस । सामाजिक दुरी कायम राख्नुहोस।**

गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यूले बाग्लुङस्थित धौलागिरी अंचल अस्पताल पुगी कोभिड -



१९ संक्रमित २ जना विरामीको अवस्थाबारे जानकारी लिनुभएको छ। मुख्यमन्त्रीज्यू संगै गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यू, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार गोविन्द नेपाली लगायतको टोलीले अस्पतालको निरीक्षण र आइसोलेसन वार्डमा उपचाररत २ जना विरामीको अवस्थाबारे जानकारी लिनुभएको थियो।



गण्डकी प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूको नेतृत्वमा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, स्वास्थ्य कार्यालय प्रमुखज्यू लगायतका प्रतिनिधिहरुले अस्पताल व्यवस्थापन समितिका अध्यक्षज्यू अस्पतालका मे.सु लगायत समितिका सदस्यहरुसंग कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनको पूर्वतयारीका  सम्बन्धमा जानकारी लिनुभएको छ सो अवसरमा माननीय मन्त्रीज्यूले  गोरखा अस्पताललाई, PPE सेट, RDT किट, क्लोरिन, मास्क लगायतका सामग्रीहरु हस्तान्तरण गर्नुभएको थियो।



पोखरा स्वास्थ्य प्रतिष्ठानमा कोभिड-१९ को परीक्षण पश्चात चिकित्सक र प्रयोगशाला प्राविधिकहरुको टोलीले दैनिक रेकर्डिङ/रिपोर्टिंग गर्दै आएको छ। गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट संकलित नमुनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा PCR मेसिनबाट परीक्षण हुँदै आएको छ।

**चैत्र ३० गतेसम्म हेल्लो डाक्टर १०९२ मा सेवा लिने सेवाग्राहीको संख्या ५६२**



कोभिड -१९ को संक्रमण भएका विरामीहरुलाई अस्पताल पुरयाउने निर्देशिका (PPT) र कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी कार्यविधिबारे स्वास्थ्य निर्देशनालयका कर्मचारीहरुलाई अभिमुखीकरण प्रदान गरिएको छ। कार्यक्रममा प्रदेश PTT को संरचना र परिचालन, स्वास्थ्य कार्यालयहरुको भूमिका, डिस्प्याच सेन्टर, ट्राएज, आवश्यक सामग्री लागयतका विषयमा छलफल र अन्तरक्रिया भएको थियो। यसैगरी कोभिड-१९ का कारण कसैको मृत्यु भएमा शव व्यवस्थापनमा अस्पतालका कर्मचारी, शव वाहनका कर्मचारी, आफन्त र नातेदारले ध्यान दिनुपर्ने कुराहरु तथा अपनाउनुपर्ने सतर्कताका बारेमा समेत छलफल भयो।



भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री श्री रामशरण बस्नेतज्यू तथा सचिव श्री इश्वरचन्द्र मरहट्टा ले स्वास्थ्य निर्देशनालयको अवलोकन गर्नुभयो। यस अवसरमा उहाँहरुले कोभिड-१९ संग सम्बन्धित विभिन्न क्रियाकलापहरुबारे जानकारी लिनुका साथै संक्रमितहरुको व्यवस्थापन र उपचारका लागि कर्मचारी व्यवस्थापनको स्थितिबारे नेपाल चिकित्सक संघ, कास्की शाखाका अध्यक्ष लगायत अन्य अस्पतालहरुका निर्देशक तथा प्रतिनिधिहरुसंग जानकारी लिनुभयो। यस अघि माननीय मन्त्री श्री रामशरण बस्नेतज्यू तथा सचिव श्री इश्वरचन्द्र मरहट्टाज्यू सहित स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्माले लेखनाथमा अवस्थित लेखनाथ सामुदायिक लायन्स अस्पतालको निरीक्षण गर्नुभएको थियो।

गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय अस्पताल विकास महाशाखाका प्रमुख डा रामबहादुर के.सी सहितको टोलीले स्वास्थ्य कार्यालय, तनहुँ, दमौली अस्पताल र जी.पी कोइराला श्वासप्रश्वास अस्पतालको अनुगमन गरि आवश्यक सल्लाह र निर्देशन प्रदान गरेको छ।





कोभिड-१९ परीक्षणका लागि संघीय सरकारबाट प्राप्त Rapid Diagnostic Test (RDT) किट स्वास्थ्य निर्देशनालयका कर्मचारी सहितको टोलिले गण्डकी प्रदेशका सबै  जिल्लामा वितरण गरेको छ।

यो किटले विशेषगरी चैत्र महिनाभित्र विदेशबाट आएका व्यक्तिहरुमा कोभिड-१९ को परिक्षण गरिनेछ। गण्डकी प्रदेशका सबैजसो जिल्लामा RDT किट मार्फत विदेशबाट फर्किएका व्यक्तिको नमुना परिक्षणको शुरुवात भैसकेको छ।








गण्डकी प्रदेशकै एक मात्र कोरोना डेडिकेटेड अस्पतालमा १० शैयाको आइसोलेसन वार्ड तयार गरिसकिएको छ । अस्पतालमा रहेको आइसोलेसन वार्डमा हरेक बेडमा भेन्टिलेटर र आइसीयुको सुविधा जडान गरिएको छ भने कोरोना शंकास्पद विरामीको लागि फिभर क्लिनिक निरन्तर रुपमा चलिरहेको छ । स्वास्थ्यकर्मीको सुरक्षाको लागि सुरक्षित रुपमा नमुना संकलन गर्नको लागि नेपाल औषधी थोक व्यवसायी संघ पोखराको सौजन्य तथा पोखरा विश्वविद्यालयको प्राविधिक सहयोगमा पोखरा UPVC उद्योगद्वारा Sample Collection क्याबिनेट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको हातामा स्थापना गरिएको छ । यस्तै क्याबिनेट यस अघि नै बाग्लुङ्स्थित धौलागिरि अस्पतालमा पनि स्थापना गरिएको छ ।



पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौँबाट आउनुभएका डा तारानाथ पोख्रेल, मदनकुमार श्रेष्ठ र सुदिप आले सहितको टोली र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्मा ज्यू बिच रोष्टर व्यवस्थापनको विषयमा छलफल भएको छ ।



आज सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री नरदेवी पुन मगरज्यू, सचिवज्यू, स्वास्थ्य मन्त्रालयबाट आउनुभएका डा तारानाथ पोख्रेल सहितको टोली स्वास्थ्य निर्देशकज्यू, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, अस्पताल महाशाखा प्रमुख ज्यू लगायतको संयुक्त बैठकले कोभिड-१९ सम्बन्धि विविध पक्षमा छलफल गर्नुभयो।

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

हेलो डाक्टर
१०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रको टोल फ्री नं १०९२ मा सम्पर्क गर्नुहोस्।